नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय, बुटवलको

# आयकर विवरण, आयकर, शुल्क तथा व्याज

# मूल्य अभिबृद्धि कर विवरण कर थप दस्तुर व्याज तथा जरिवाना

# मिन्हा सम्बन्धी अत्यन्त जरूरी सूचना !!!!!

आयकर लाग्ने आय आर्जन गरेका, स्थायी लेखा नम्बर नलिएका तथा आयकर नतिरेका कुनै पनि व्यक्तिले त्यस्तो आयको आयकरमध्ये आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को बुझाउनुपर्ने आय विवरण र सो मा लाग्ने कर एवं लाग्ने करको ब्याजको २५ प्रतिशत रकम बुझाउनुपर्नेः

| कसले सहभागिता जनाउने | कस्तो आम्दानी गरेका | कहिले देखि आम्दानी गरेका | कुन कानुन पालना नगरेका | अब के गर्ने | सुविधा के छ? | कहिले सम्म सुविधा छ? | नगरे हुँदैन ? |
|---|---|---|---|---|---|---|---|
| ➢ प्राकृतिक व्यक्ति<br>➢ कानुनी व्यक्ति (साझेदारी फर्म ज्वाइन्ट भेन्चर प्राइभेट लिमिटेड पब्लिक लिमिटेड कम्पनी) | आयकर लाग्ने-<br>➢ रोजगारी,<br>➢ व्यवसाय,<br>➢ लगानी र<br>➢ पुँजीगत लाभकर | आर्थिक वर्ष २०७४/७५ अर्थात् २०७४ साउन भन्दा अगाडिदेखि | आयकर ऐन, २०५८ (संशोधन सहित) बमोजिम-<br>➢ स्थायी लेखा नम्बर नलिएका<br>➢ आय विवरण पेश नगरेका<br>➢ आम्दानी अनुरूपको आयकर नबुझाएका | ➢ आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट स्थायी लेखा नम्बर लिने ।<br>➢ आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को आय विवरण बुझाउने।<br>➢ आय विवरण अनुसारको आयकर बुझाउने।<br>➢ आयकर समयमै नबुझाउँदा लागेको करको ब्याजमध्ये २५ प्रतिशत मात्र बुझाउने। | ➢ आर्थिक वर्ष २०७४/७५ भन्दा अगाडिको आय विवरण बुझाउनु पर्दैन।<br>➢ यसैगरी आर्थिक वर्ष २०७४/७५ भन्दा अगाडिको आयकर बुझाउनु पनि पर्दैन।<br>➢ आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को हकमा समयमै आय विवरण र आयकर नबुझाएको हकमा सबै शुल्क र लाग्ने व्याजको ७५ प्रतिशत छुट पाइनेछ। | २०७७ सालको फागुन मसान्तसम्म मात्र | यो सुविधा नलिएमा २०७७ फागुनपछि आन्तरिक राजस्व कार्यालयले आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ७८ को उपदफा (५) बमोजिम आर्थिक वर्ष **२०७४/७५ भन्दा अगाडिदेखिकै आयकर, शुल्क, र** व्याज निर्धारण गर्ने भएकोले करको दायित्व धेरै हुन्छ। |

आन्तरिक राजस्व कार्यालय, बुटवल, २०७७ माघ

मूल्य अभिबृद्धि करमा दर्ता भएका करदातामध्ये २०७५ साल असार मसान्तसम्मको मूल्य अभिबृद्धि कर विवरण पेश नगरेका करदाताले कर विवरण, कर विवरण अनुसारको कर र करमा लागेको व्याजको ५० प्रतिशत मात्र दाखिला गर्नुपर्ने।

| कसले सहभागिता जनाउने | कस्तो कारोवार गरेका | कहिले देखि कारोवार गरेका | कुन कानुन पालना नगरेका | अब के गर्ने | सुविधा के छ? | कहिलेसम्म सुविधा छ? | नगरे हुँदैन ? |
|---|---|---|---|---|---|---|---|
| ➢ प्राकृतिक व्यक्ति<br>➢ कानुनी व्यक्ति (साझेदारी फर्म ज्वाइन्ट भेन्चर प्राइभेट लिमिटेड पब्लिक लिमिटेड कम्पनी) | मूल्य अभिबृद्धि कर लाग्ने- व्यवसाय, कारोवार | २०७५ असार अगाडिदेखि | मूल्य अभिबृद्धि कर ऐन,२०५२ (संशोधन सहित) को दफा १८ बमोजिम-<br>➢ कर विवरण पेश नगरेका<br>➢ कारोवार अनुरूपको मूल्य अभिबृद्धि कर नबुझाएका | ➢ सुरू दर्ता भए देखिको कर विवरण अनुसारको मूल्य अभिबृद्धि कर विवरण तथा विवरण अनुसारको कर बुझाउने।<br>➢ कर विवरण तथा कर समयमै नबुझाउँदा लागेको करको ब्याजमध्ये ५० प्रतिशत मात्र बुझाउने। | ➢ सुरू दर्ता भएदेखि हालसम्मको आय विवरण समयमै नबुझाए बापत लाग्ने जरिवाना नलाग्ने<br>➢ यसैगरी कर अनुसार लाग्ने थप दस्तुर र ५० प्रतिशत व्याज बुझाउनु पनि पर्दैन। | २०७७ सालको फागुन मसान्त सम्म मात्र | यो सुविधा नलिएमा २०७७ फागुनपछि आन्तरिक राजस्व कार्यालयले मूल्य अभिबृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २० को उपदफा (१) को खण्ड (क) बमोजिम सुरू दर्तादेखिको **मूल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर, र व्याज** निर्धारण गर्ने भएकोले करको दायित्व धेरै हुन्छ। |

आन्तरिक राजस्व कार्यालयबाट आयकर मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्क (झुट्टा तथा नक्कली बिजक सम्बन्धमा भएको कर निर्धारण बाहेक) २०७५ असार मसान्तसम्म भएको कर निर्धारणमा करदाता विभाग वा राजस्व न्यायाधिकरण वा सर्वोच्च अदालतमा पुनरावेदन गरेको सम्बन्धमा कर बुझाउन पाउने विशेष व्यवस्था

| कसले सहभागिता जनाउने | कस्तो कारोवार गरेका | कहिले देखि कारोवार गरेका | कुन कानुन पालना नगरेका | अब के गर्ने | सुविधा के छ? | कहिलेसम्म सुविधा छ? | नगरे हुँदैन ? |
|---|---|---|---|---|---|---|---|
| मुद्दा विचाराधीन रहेका जुनसुकै प्रकारका करदाता | आयकर, मूल्य अभिबृद्धि कर, र अन्तःशुल्क | २०७५ साल असार महिना भन्दा अगाडिदेखि | आयकर ऐन, २०५८<br>मूल्य अभिबृद्धि कर ऐन, २०५२<br>अन्तःशुल्क ऐन, २०५८ | ➢ मुद्दा विचाराधीन रहेको निकायबाट मुद्दा फिर्ता लिने<br>➢ कर निर्धारण गरिएको कर बिगो तथा लागेको व्याज दाखिल गर्ने। | कर निर्धारण अनुसारको जरिवाना तिर्नु नपर्ने<br>कर निर्धारण अनुसार शुल्क तथा थप दस्तुर पनि तिर्नु नपर्ने<br>धरौटी राखेको रकम राजस्वमा दाखिल गर्न सकिने | २०७७ फागुन मसान्त सम्म | सम्बन्धित निकायमा मुद्दा विचाराधीन रहेकोले मुद्दा फछ्र्यौट हुन समय लाग्ने धरौटी राखेको रकम लामो समय आइडल रहने। |

स्थायी लेखा नम्बर लिएका तथा आयकर नतिरेका वार्षिक रू.५० लाखसम्म कारोवार भएका कुनै पनि प्राकृतिक व्यक्तिले त्यस्तो आयको आयकरमध्ये आर्थिक वर्ष २०७३/२०७४, २०७४/७५ र २०७५/७६ को बुझाउनुपर्ने आय विवरण र सो मा लाग्ने कर एवं लाग्ने करको ब्याजको २५ प्रतिशत रकम बुझाउनुपर्ने।

| कसले सहभागिता जनाउने | कस्तो आम्दानी गरेका | कहिले देखि आम्दानी गरेका | कुन कानुन पालना नगरेका | अब के गर्ने | सुविधा के छ? | कहिलेसम्म सुविधा छ? | नगरे हुँदैन ? |
|---|---|---|---|---|---|---|---|
| ➢ प्राकृतिक व्यक्ति | आयकर लाग्ने-<br>➢ रोजगारी,<br>➢ व्यवसाय,<br>➢ लगानी र<br>➢ पुंजीगत लाभकर | आर्थिक वर्ष २०७३/७४ अर्थात् २०७३ साउन भन्दा अगाडिदेखि | आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९६ बमोजिम-<br>➢ आय विवरण पेश नगरेका<br>➢ आम्दानी अनुरूपको आयकर नबुझाएका | ➢ आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को आय विवरण बुझाउने।<br>➢ आय विवरण अनुसारको आयकर बुझाउने।<br>➢ आयकर समयमै नबुझाउँदा लागेको करको ब्याजमध्ये २५ प्रतिशत मात्र बुझाउने। | ➢ आर्थिक वर्ष २०७३/७४ भन्दा अगाडिको आय विवरण बुझाउनु पर्दैन।<br>➢ यसैगरी आर्थिक वर्ष २०७३/७४ भन्दा अगाडिको आयकर बुझाउनु पनि पर्दैन।<br>➢ आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को हकमा समयमै आय विवरण र आयकर नबुझाएको हकमा सबै शुल्क र लाग्ने ब्याजको ७५ प्रतिशत छुट पाइनेछ। | २०७७ सालको फागुन मसान्तसम्म मात्र | यो सुविधा नलिएमा २०७७ फागुनपछि आन्तरिक राजस्व कार्यालयले आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०१ बमोजिम आर्थिक वर्ष **२०७३/७४ भन्दा अगाडिदेखिकै आयकर, शुल्क, र ब्याज निर्धारण** गर्ने भएकोले करको दायित्व धेरै हुन्छ। |

स्थायी लेखा नम्बर लिएका तथा आयकर नतिरेका वार्षिक रू.५० लाख भन्दा बढीको कारोवार भएका कुनै पनि प्राकृतिक व्यक्ति वा निकायले त्यस्तो आयको आयकरमध्ये आर्थिक वर्ष २०७३/२०७४, २०७४/७५ र २०७५/७६ को बुझाउनुपर्ने आय विवरण र सो मा लाग्ने कर एवं लाग्ने करको ब्याजको २५ प्रतिशत रकम बुझाउनुपर्ने

| कसले सहभागिता जनाउने | कस्तो आम्दानी गरेका | कहिले देखि आम्दानी गरेका | कुन कानुन पालना नगरेका | अब के गर्ने | सुविधा के छ? | कहिलेसम्म सुविधा छ? | नगरे हुँदैन ? |
|---|---|---|---|---|---|---|---|
| ➢ प्राकृतिक व्यक्ति<br>➢ कानुनी व्यक्ति (साझेदारी फर्म ज्वाइन्ट भेन्चर प्राइभेट लिमिटेड पब्लिक लिमिटेड कम्पनी) | आयकर लाग्ने-<br>➢ रोजगारी,<br>➢ व्यवसाय,<br>➢ लगानी र<br>➢ पुंजीगत लाभकर | आर्थिक वर्ष २०७३/७४ अर्थात् २०७३ साउन भन्दा अगाडिदेखि | आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९६ बमोजिम-<br>➢ आय विवरण पेश नगरेका<br>➢ आम्दानी अनुरूपको आयकर नबुझाएका | ➢ आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को आय विवरण बुझाउने।<br>➢ आय विवरण अनुसारको आयकर बुझाउने।<br>➢ आयकर समयमै नबुझाउँदा लागेको करको ब्याजमध्ये २५ प्रतिशत मात्र बुझाउने। | ➢ आर्थिक वर्ष २०७३/७४ भन्दा अगाडिको आय विवरण बुझाउनु पर्दैन।<br>➢ यसैगरी आर्थिक वर्ष २०७३/७४ भन्दा अगाडिको आयकर बुझाउनु पनि पर्दैन।<br>➢ आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को हकमा समयमै आय विवरण र आयकर नबुझाएको हकमा सबै शुल्क र लाग्ने ब्याजको ७५ प्रतिशत छुट पाइनेछ। | २०७७ सालको फागुन मसान्तसम्म मात्र | यो सुविधा नलिएमा २०७७ फागुनपछि आन्तरिक राजस्व कार्यालयले आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०१ बमोजिम आर्थिक वर्ष **२०७३/७४ भन्दा अगाडिदेखिकै आयकर, शुल्क, र ब्याज निर्धारण** गर्ने भएकोले करको दायित्व धेरै हुन्छ। |